# प्रस्तावना

देशमा देखिएको वेरोजगारी समस्या निवारणको निमित्त कानुन बमोजिम स्वीकृत प्राप्त गरी संचालन भएको वैदेशिक रोजगार व्यवसायलाई समन्वय गरी स्वच्छ प्रतिस्पर्धात्मक ढंगबाट अगाडी बढाउदै हाल खेर गइरहेको बेरोजगार जनशक्तिलाई सरल, सुरक्षित एवं सुव्यवस्थित रुपमा वैदेशिक रोजगारीका अवसर उपलब्ध गराई विदेशी मुद्रा आर्जन गरी गरीवी निवारण तथा मुलुकको सर्वाङ्गिण विकास गर्नु समयको माग भएकोले नेपाल सरकारलाई वैदेशिक रोजगारको क्षेत्रमा सहयोग सल्लाह तथा सुझाव समेत प्रदान गरी वैदेशिक रोजगार व्यवसायीको पेशागत हक हितको संरक्षण गरी व्यवसायलाई व्यवस्थित ढंगबाट समयानुकुल तथा पारदर्शी गर्दै जानुपर्ने आवश्यकतालाई समेत अंगिकार गरी नेपाल वैदेशिक रोजगार व्यवसायी संघको स्थापना गरिएको छ ।

# परिच्छेद -१

### १. संक्षिप्त नाम र प्रारम्भ :

१. यस विधानको नाम “नेपाल वैदेशिक रोजगार व्यवसायी संघ २०४९” रहनेछ र अंग्रेजीमा यसलाई Nepal Assocoiation Of  Foreign Employment Agencies भनिने छ ।

२. यो विधान नेपाल सरकारले स्वीकृत प्रदान गरेको मिति देखि लागु हुनेछ ।

३. यसलाई छोटकरीमा नेपालीमा **ने.बै.रो.व्य.सं** र अंग्रेजीमा NAFEA भनिनेछ ।

४. यो विधान संघको सबै किसिमको सदस्य पदाधिकारी तथा कर्मचारीलाई लागु हुनेछ ।

### २. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा :

१. “विधान” भन्नाले संघको विधानलाई जनाउनेछ ।

२. “संघ” भन्नाले यस विधान अन्तरगतको व्यवसायी संघ सम्झनु पर्दछ ।

३. “ऐन” भन्नाले बैदेशिक रोजगार ऐन २०६४ लाई सम्झनु पर्दछ ।

४. “नियम” भन्नाले यस विधान अन्तरगत बनेको नियम सम्झनु पर्दछ ।

५. “सदस्य” भन्नाले संघको कार्यसमितिका सदस्यहरुलाई सम्झनु पर्दछ ।

६. “नियमावली” भन्नाले वैदेशिक रोजगार नियमावली २०६४ लाई सम्झनु पर्दछ ।

७. “दफा” भन्नाले यस विधानको दफा सम्झनु पर्दछ ।

८. “पेशा” भन्नाले वैदेशिक रोजगार सेवा उद्योगमा संलग्न सम्पुर्ण काम कारवाहीलाई सम्झनुपर्दछ ।

९. “पदाधिकारी” भन्नाले संघको कार्यसमितिका अध्यक्ष, उपाध्यक्षहरु, महासचिव, कोषाध्यक्ष र सचिव सम्मका पदाधिकारीलाई जनाउनेछ ।

१०. “प्रतिनिधि” भन्नाले यस संघका कुनै पनि साधारण सभाको बैठकमा साधारण सदस्यहरुको तर्फबाट दफा ११ बमोजिम प्रतिनिधित्व गरी आउने व्यक्ति सम्झनुपर्नेछ ।

११. “रोजगार” भन्नाले वैदेशिक रोजगारलाई जनाउनेछ ।

१२. “समिति” भन्नाले कार्यसमितिबाट गठित समिति वा उपसमितिलाई जनाउनेछ ।

१३. “तोकिएको वा तोकिए वमोजिम” भन्नाले यस विधान अन्तरगत बनेका नियम तथा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्दछ ।

१४. “स्थानीय अधिकारी” भन्नाले प्रमुख जिल्ला अधिकारीलाई जनाउँदछ ।

**३ संघको छापः**

१. संघको छुट्टै लोगो (चिन्ह) तथा छाप अनुसुची -१ मा उल्लेख भए बमोजिम हुनेछ ।

२. संघले व्यक्ति सरह चल वा अचल सम्पत्ति प्राप्त गर्न उपभोग गर्न वेचविखन गर्न तथा ऋण लिन सक्नेछ ।

३. संघले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

**४. संघको कार्यालय :**

यस संघको केन्द्रीय कार्यालय काठमाडौं जिल्ला का.म.न.पा वडा नं २, लाजिम्पाटमा रहनेछ तथा आवश्यकता अनुसार शाखा तथा उपशाखा स्थानीय अधिकारीको पुर्व स्वीकृती लिई अन्य जिल्लाहरुमा पनि स्थापना गर्न सकिने छ ।

## परिच्छेद -२

**५. संघको उद्देश्य :**

संघको उद्देश्य देहाय बमोजिम हुनेछ ।

क) वैदेशिक रोजगारी र व्यवसायलाई मुख्य पेशा बनाई कार्य गरेको, उक्त कार्य प्रति गहिरो अभिरुचि भएका व्यक्ति, संघ संस्थाहरुमा समन्वय कायम गराई एक आपसमा एकताको भावना सृजना गराउने ।

ख) वैदेशिक रोजगार पेशासँग सम्बन्धित विविध समस्याहरुको निराकरण गर्ने ।

ग) विदेशमा रोजगार प्राप्त गर्न चाहने व्यक्तिहरुलाई यस संघको उपादेयता र कार्यक्रम सम्बन्धी जानकारी गराउने ।

घ) सिप विकास गरी दक्षता अनुसार विदेशमा रोजगारीको प्रबन्ध मिलाउने र रोजगारीका लागि व्यवस्थित गर्न आवश्यक कार्य गर्ने ।

ङ) विदेशस्थित विभिन्न निकाय लगायत रोजगारदाताहरुसँग सम्पर्क राखी तिनीहरु र व्यवसायीहरु बीच समन्वय गराउने ।

च) व्यवसायी, कामदार र रोजगारदाताका बीच उब्जने कुनै पनि समस्याको प्रचलित ऐन कानुन अन्तरगत रही आपसी सहमतिद्धारा निराकरण गर्ने ।

छ) विभिन्न सरकारी निकाय तथा व्यवसायीहरुसँग समन्वय गरी विदेशमा रहेका नेपाली कामदारहरुको सही तथ्यांक निकाली अध्यावधि गरी राख्न प्रयत्न गर्ने ।

ज) वैदेशिक रोजगारीको सिलसिलामा विदेशमा मृत्यु भएका निम्न स्तरीय नेपाली कामदारको परिवारका सदस्यहरुलाई छात्रबृत्ति प्रदान गर्ने व्यवस्था गर्ने ।

झ) वैदेशिक रोजगार व्यवसायी तथा रोजगार प्राप्त गर्ने व्यक्तिहरुको हक हित सम्बन्धी अन्य कार्यहरु गर्ने ।

ञ) नेपाली कामदारहरुलाई विदेशमा बढी रोजगार दिलाउनको लागि प्रबन्ध गर्ने, गराउने ।

ट) नेपाली कामदारहरुको रोजगारीको स्तर निर्धारण गर्ने, गराउने ।

ठ) कानुन बमोजिम दर्ता भएका विभिन्न वैदेशिक रोजगार सम्बन्धी पेशागत संस्था बीचमा विचारको आदान प्रदान गरी पेशालाई व्यवस्थित तथा मर्यादित तुल्याउन पहल गर्ने, गराउने ।

ड) नेपाल सरकार कुटनैतिक नियोग एवं अन्य सम्बन्धित स्वदेशी तथा विदेशी संस्थाहरुसँग समन्वय गरी विदेशमा अलपत्र परेका नेपाली कामदारलाई संरक्षण तथा उद्धार गर्न संघको तर्फबाट पत्राचार तथा पहल गर्ने ।

ढ) विदेशमा रहेका नेपाली कामदारहरुलाई हुने ज्यादती, अपमान, दुर्व्यवहारबाट बचाई सम्मानजनक जीवनयापन गर्न नेपाल सरकारलाई जानकारी गराई उद्धार गर्ने, गराउने वा नेपाल सरकारसँग मिलि यथाशक्य चाँडो सहयोग उपलब्ध गर्ने, गराउने ।

ण) वैदेशिक रोजगार संघ तथा संस्थाहरु प्रति जनआस्था अभिवृद्धि गराउन आवश्यक पहल गर्ने, गराउने ।

त) वैदेशिक रोजगारदाताहरुलाई नेपाली कामदारहरु प्रतिको विश्वास दिलाउने काम गर्ने, गराउने ।

थ) विभिन्न कार्यक्रम गरी पेशालाई मर्यादित र उच्च आस्थाको विकास हुने सार्वजनिक कार्यक्रमहरु गर्ने, गराउने ।

द) अन्तर्राष्ट्रिय श्रमसंगठन, सार्क, आसियान, डब्लु.टि.ओ, युरोपियन युनियन, आइ.ओ.एम, युनिफेम जस्ता संस्था लगायत अन्य देशहरुसँग आवश्यक समन्वय गरी श्रम बजार अभिबृद्धिका लागि गोष्ठी, सेमिनार, भ्रमण र भेला आदि गर्ने गराउने ।

ध) वैदेशिक रोजगारसंग सम्वन्धित व्यक्ति र संस्थाहरुको आवश्यकता पुरा गर्ने बिषयको लागि बैक, बित्तिय संस्था, मेडिकल संस्था, अभिमुखिकरण तालिम संस्था, संचार तथा पत्रपत्रिका, बिमा कम्पनीको स्थापना वा साझेदारीको लागि कार्य गर्ने ।

न) अधिकतम विदेशी मुद्रा आर्जन गर्न वैदेशिक रोजगारको लागि क्षमतावान कामदार उत्पादन गर्न सो सम्बन्धी दक्षता विकासको लागि विभिन्न कार्यक्रम योजना तथा आवश्यक तालीम सञ्चालन गर्ने, गराउने ।

प) रोजगार व्यवसायमा विशेष ज्ञान, अनुभव हासिल गरेका वा यस सम्बन्धमा विशिष्ट योगदान दिएका व्यक्ति वा विशेषज्ञलाई तथा यस संघको हितमा उल्लेखनीय योगदान पुर्याउन सक्ने भनि संघले महसुस गरेका व्यक्ति तथा संस्थालाई सम्मान स्वरुप कदर-पत्र, प्रोत्साहन पुरस्कार तथा विशेष उपहार प्रदान गर्ने, गराउने ।

फ) राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संगठन दातृ संस्था वा सरकारका अन्य निकायमा समन्वय कायम गरी नेपाल सरकारको स्वीकृति लिई अनुदान प्राप्त गर्न पहल गर्ने ।

ब) विदेशबाट नेपाललाई दिईने वैदेशिक रोजगारको कोटा संघ मार्फत उपलब्ध गराई सम्पुर्ण व्यवसायी सदस्यहरुलाई समानुपातिक ढंगबाट वितरण गर्नको लागि पहल गर्ने त्यस्तो कोटा नेपाल सरकारबाट स्वीकृत प्राप्त भई संघमा आएपछि समान रुपले वितरण गरिने छ ।

भ) व्यवसायी भलाई कोष स्थापना गरी व्यवसायी र कामदारको हितमा तोकिए बमोजिमको कार्य गर्ने ।
म) Online Portel को व्यवस्था गरी बैदेशिक रोजगारीमा जाने कामदारको आवेदन संङ्कलन गरी व्यवसायी सदस्यहरुलाई Online Portel मार्फत उपलब्ध गराउने ।
प) संघको अनलाईन मुख पत्र प्रकाशनको व्यवस्था गर्ने ।

**६. सदस्यको प्रकार :**

सदस्यको प्रकार देहाय बमोजिम हुनेछ ।

१. साधारण सदस्य २. मानार्थ सदस्य ३. वस्तुगत सदस्य

**७. सदस्यको योग्यता :**

देहायको बमोजिम योग्यता पुगेका संघ संस्था सदस्यताको लागि योग्य मानिने छ ।

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय गर्न पाउने गरी स्वीकृती प्राप्त गरेका संस्थाहरु संघको सदस्यताको लागि योग्य मानिने छ ।

**८. सदस्यको शुल्क र सदस्यता प्रदान गर्ने विधि :**

१.दफा ६ को (१) अनुसारको सदस्यता प्राप्त गर्न चाहने संस्थाहरुले नेपाल सरकारमा दर्ता भएका प्रमाणपत्र नविकरण गरेको भए सो समेतको प्रतिलिपि सहित प्रवेश शुल्क रु. ५०००/- र मासिक शुल्क रु. ५००/- सहित संस्थाको प्रतिनिधित्व गर्ने व्यक्तिको नाम समेत उल्लेख गरी संघको कार्यसमितिमा तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछ । यसरी निवेदन प्राप्त भएपछि कार्य समितिले सो निवेदन उपर छानविन गरी सदस्यताको प्रमाणपत्र दिन सक्नेछ ।

२. उपदफा १ बमोजिम सदस्यता प्राप्त कम्पनी वा संस्थाले संघमा बुझाउने शुल्क अर्को महिनाको पहिलो हप्ता भित्रमा बुझाउनु पर्नेछ। लगातार १२ महिनासम्म पनि मासिक शुल्क नबुझाउने सदस्यको सदस्यता कार्य समितिको निर्णयबाट समाप्त हुन सक्नेछ ।

३. उपदफा १ बमोजिम सदस्यता प्राप्त गरी उपदफा २ बमोजिम सदस्यता समाप्त हुने कम्पनी वा संस्थाले पुनः सदस्यता लिन चाहेमा उपदफा १ बमोजिम सदस्यता प्राप्त गरेको मितिदेखि पुनः सदस्यता लिन चाहेको मितिसम्मको मासिक शुल्क लगायत संघमा बुझाउनु पर्ने अन्य बाँकी रकम असुल भएमा सो असुल उपर भएपछि मात्र सदस्यता प्रदान गर्नेछ ।

४. दफा ६ को खण्ड (२) र (३) अनुसारको सदस्यता वैदेशिक रोजगार सम्बन्धी कार्यमा विशेष दक्षता हासिल गरी ईमान्दारी पुर्वक उल्लेखनीय कार्य गर्ने कुनै पनि स्वदेशी संस्थाले गरेको छ भन्ने संघलाई विश्वास भएमा सो अनुसारको सदस्यता साधारण सभाले निःशुल्क प्रदान गर्न सक्नेछ ।

तर यसरी मानार्थ र वस्तुगत सदस्यता प्राप्त गरेको व्यक्ति वा संघ संस्थाले संघको कार्यसमितिको निर्वाचनमा भाग लिन पाउने छैन ।

**९. सदस्यताको खारेजी र अयोग्यता :**

क) नेपाल सरकारबाट ईजाजत प्राप्त यस संघको सदस्यले कुनै पनि वैदेशिक रोजगारसँग सम्बन्धित अनियमितता गरी नेपाल सरकारले त्यस्तो संस्था विधिवत खारेज गरेमा वा ईजाजत पत्र रद्द गरेमा त्यस्तो सदस्यको सदस्यता स्वतः खारेज हुनेछ ।

ख) संघको विधान प्रतिकुल आचार संहिता भंग गर्ने साधारण सदस्य तथा पदाधिकारीलाई कार्य समितिको दुई तिहाई बहुमतले निलम्बन गरी साधारण सभामा निजको सदस्यता खारेज गर्न सक्नेछ। तर सिफारिस गर्नु पुर्व सफाईको मौका प्रदान गर्नु पर्नेछ।

ग) नेपाल सरकारमा दर्ता भएको यस संघको प्रत्येक सदस्यले बार्षिक रुपमा नेपाल सरकारमा आफ्नो संस्था नविकरण नगराई संस्था खारेज गरेमा त्यस्तो संस्थाको सदस्यता स्वतः खारेज गरिनेछ।

घ) बाह्र महिनासम्म मासिक शुल्क संघमा नबुझाएमा त्यस्तो संस्थाको सदस्यता संघको निर्णयले खारेज गर्न सकिनेछ।

ङ) समान उद्देश्य राखी खोलीएका अन्य संघ संस्थाहरुको पदाधिकारी तथा सदस्य भएमा त्यस्तो सदस्यको सदस्यता स्वतः खारेज हुनेछ।

च) उपदफा ९(ङ) अनुसार सदस्यता स्वतः खारेज भएको अवस्थामा त्यस्तो संघ एकिकरण भै गाभिन आएमा त्यस्ता सदस्यहरुको सदस्यता स्वतः काय भै पुर्ववत अवस्था देखिकै निरन्तर मानिने छ।

**१०. आचार संहिता :**

संघले बनाई लागु गरेको आचारसंहिता पालन गर्नु हरेक सदस्यको कर्तव्य हुनेछ।

## परिच्छेद -३

**११. साधारण सभा तथा कार्य समिति :**

संघको सबै प्रकारका सदस्यहरु रहेको एउटा साधारण सभा हुनेछ।

१) यस विधानको दफा ६ (१) र ७ अनुसारको सदस्यता प्राप्त गर्ने संस्थाहरुबाट पठाईएका प्रतिनिधि एक एक सदस्यहरुबाट साधारण सभाको गठन हुनेछ। यस दफाको प्रयोजनको लागि प्रतिनिधि भन्नाले प्रोप्राइटर, कम्पनी सञ्चालक, साझेदार मध्येबाट डाईरेक्टरमा नियुक्त भएको भए निज समेतलाई जनाउनेछ।

२) साधारण सभाको अध्यक्षता कार्य समितिको अध्यक्षले गर्नेछ। निजको अनुपस्थितिमा उपाध्यक्षले अध्यक्षता गर्नेछ।

**१२. विशेष साधारण सभा :**

साधारण सभा नबसेको अवस्थामा विशेष परिस्थितिको सृजना हुन गएको भन्ने २५ प्रतिशत सदस्यहरुको संघमा निवेदन पर्न आएमा कार्य समितिले १५ दिनभित्र विशेष साधारण सभा आयोजना गर्नुपर्नेछ। विशेष साधारण सभाको गणपुरक संख्या ५१ प्रतिशत हुनेछ।

**१३. सल्लाहकार सम्बन्धि व्यवस्था :**

संघको कार्यसमितिले सल्लाह सुझाव र परामर्श लिन वैदेशिक रोजगारीसँग सम्बन्धित विज्ञहरु समेत समावेश गरी सल्लाहकारहरुको चयन गर्न सक्नेछ उक्त सल्लाहकारहरुमा निवर्तमान अध्यक्ष सहित बढिमा ५ जना सल्लाहकारहरु रहने छन ।

**१४.साधारण सभाको अधिवेशन :**

क) आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्र कार्य समितिले तोकेको स्थान र मितिमा साधारण सभा बस्नेछ ।

ख) साधारण सभाको सुचना कम्तिमा २१ दिन अगावै कार्य समिति र सदस्य संस्थाहरुलाई संधको प्रगति विवरण र आर्थिक प्रतिवेदन सहित लिखित रुपमा जानकारी दिईने छ र सार्वजनिक रुपमा सुचना समेत प्रकाशित गर्नेछ ।

ग) साधारण सभा बस्ने सुचना प्रकाशित भएको मितिले १० दिनभित्रमा साधारण सदस्य प्रतिनिधिको नाम तथा सो संस्थाको तर्फबाट साधारण सभामा कुनै विषयमा छलफल गर्नुपर्ने भएमा सो समेत उल्लेख गरी पठाउनुपर्नेछ ।

**१५. साधारण सभाको काम, कर्तव्य र अधिकार :**

साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) प्रत्येक २ बर्षमा कार्य समिति छनौटको लागि संघको निर्वाचन गर्ने ।

ख) लेखा परिक्षणको प्रतिवेदन, वासलात र कार्य समितिको वार्षिक प्रतिवेदनको अनुमोदन गर्ने ।

ग) वार्षिक बजेट पारित गर्ने ।

घ) वार्षिक कार्यक्रम पारित गर्ने ।

ङ) लेखा परिक्षक नियुक्ति गर्ने ।

च) वार्षिक कार्यक्रमका लागि निति निर्देशन गर्ने ।

छ) आवश्यकता अनुसार विधान संशोधन गर्ने ।

**१६. गणपुरक संख्या :**

क) वार्षिक साधारण सभा र विशेष साधारण सभाको गणपुरक संख्या कुल सदस्य संख्याको ५१ प्रतिशत हुनेछ ।

ख) पुर्वनिर्धारित समय भित्र गणपुरक सदस्य संस्थाको प्रतिनिधि उपस्थित नभएमा अर्को सात दिनको समय दिई उक्त समयमा उपस्थित सदस्यहरुको संख्यालाई नै गणपुरक संख्या मानी सभा संचालन गरिनेछ ।

**१७. कार्य समितिको गठन विधि :**

१) संघको २१ जना पदाधिकारी तथा सदस्यहरु रहेको एउटा कार्यसमितिको गठन हुनेछ जसमा अध्यक्ष -१, प्रथम उपाध्यक्ष -१, द्धितिय उपाध्यक्ष -१, तृतीय उपाध्यक्ष -१, महासचिव -१, सचिव -१, कोषाध्यक्ष -१ र सदस्य -१० साधारण सभाले निर्वाचन गर्नेछ र साधारण सदस्य मध्येबाट ४ जना सदस्य अध्यक्षले मनोनित गर्नेछ ।

२) कार्य समिति साधारण सभा र व्यवसायीहरु प्रति उत्तरदायी हुनेछन् ।

**१८. कार्य समितिको काम, कर्तव्य र अधिकार :**

कार्य समितिको देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछ :

१) साधारण सदस्यता प्रदान गर्ने ।

२) संघको उद्देश्य प्राप्तिका लागि बुलेटिन स्मारिका प्रकाशन गर्ने, सम्मेलन, गोष्ठी, वैठक गराउने र त्यसमा भाग लिन आवश्यक परेमा विदेशी प्रतिनिधि मण्डललाई निम्त्याउने र सो को जानकारी साधारण सभालाई दिने ।

३) साधारण सभाद्धारा पारित प्रस्तावहरु कार्यान्वयन गर्ने, गराउने ।

३) क. दफा ८ को उपदफा २ बमोजिम सदस्यता समाप्त गर्ने ।

४) विना सुचना तीन पटकसम्म बैठकमा अनुपस्थित हुने कार्यसमिति सदस्यलाई हटाउने ।

५) विधानको व्याख्या गर्ने र आचार संहिता बनाउने र कार्यान्वयन गर्ने ।

६) आवश्यकता अनुसार नियम विनिमय बनाई साधारण सभाबाट अनुमोदन गराई लागु गराउने ।

६. (क) संघको तर्फबाट कसैलाई सम्मान, उपहार, कदर-पत्र दिन परेमा संघ कार्य समितिको बहुमतको निर्णयबाट प्रदान गरिने छ ।

७) कार्य समितिले ५ जनासम्म सदस्य रहने गरी कल्याणकारी समिति, व्यवसायी समस्या छानविन समिति, परामर्श समिति, कानुन समिति र आचार संहिता अनुगमन समिति लगायत विभिन्न मुलुकको सम्बन्धमा हेर्ने समितिहरु गठन गर्ने छ र आवश्यक परेमा अन्य समिति उपसमिति गठन गरी काम कर्तव्य तथा अधिकार समेत तोक्नेछ ।

८) एकपल्ट १० हजार भन्दा बढी एकलाख सम्म खर्च गर्नुपरेमा संघको कार्यसमितिको निर्णयबाट गर्ने सो भन्दा बढी रकम खर्च गर्नुपरेमा साधारण सभाबाट अनुमोदन गर्ने ।

९) संघ र व्यवसायीको हित कायम गर्न महत्वपुर्ण निर्णय लिनुपरेमा विशेष साधारण सभा बोलाउने ।

१०) आवश्यकता अनुसार कर्मचारीहरुको नियुक्ति सरुवा बढुवा वर्खास्त तथा प्राविधिक सल्लाहकारहरुको नियुक्ति गर्ने ।

११) संघको तर्फबाट प्रवक्ता नियुक्ति गरी काम कर्तव्य अधिकार तोक्ने ।

१२) वार्षिक कार्य योजना तयार गरी व्यवसायीहरुलाई जानकारी गराउने ।

१३) अन्य भैपरी आउने कार्यहरु गर्ने ।

## परिच्छेद -४

**१९. पदाधिकारीको काम, कर्तव्य र अधिकार :**

कार्यसमितिको पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

**१९. १. अध्यक्षको काम, कर्तव्य र अधिकार**

क) कार्यसमिति र साधारण सभाको अध्यक्षता गर्ने ।

ख) महासचिवलाई कार्य समिति वा साधारण सभाको बैठक बोलाउन आदेश दिने वा आफै बोलाउने ।

ग) कार्य समितिमा कुनै विषय उपर मतदान हुँदा मतदानमा भाग लिन नपाउने तर मत बराबर भएमा निर्णायक मत दिने ।

घ) संघको खाता संचालन गर्ने ।

ङ) संघको आवश्यक खर्चको लागि एक पटकमा १०,०००/- सम्म खर्च गरिएका विषयवस्तुहरु जानकारी गराई कार्य समितिबाट अनुमोदन गराउने ।

च) अनुशासन भंग गर्ने वा संघको अपहेलना गर्ने कार्य गर्ने सदस्यमाथी कारवाही चलाउने ।

छ) पदाधिकारी तथा सदस्यहरुलाई निर्देशन तथा नियन्त्रण गर्ने ।

**१९.१.(१) प्रथम उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

क) अध्यक्षलाई सघाउने ।

ख) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्नुपर्ने सबै कार्य गर्ने ।

**१९.१.(२) द्धितिय उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

क) अध्यक्षलाई सघाउने ।

ख) प्रथम उपाध्यक्षसँग परामर्श गरि कार्य गर्ने ।

ग) प्रथम उपाध्यक्षको अनुपस्थितिमा निजले गर्ने सम्पुर्ण कार्यहरु गर्ने ।

**१९.१.(३) तृतिय उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

क) अध्यक्षलाई सघाउने ।

ख) प्रथम र द्धितिय उपाध्यक्षसँग परामर्श गरी कार्य गर्ने ।

ग) प्रथम र द्धितिय उपाध्यक्षको अनुपस्थितिमा निजले गर्ने सम्पुर्ण कार्यहरु गर्ने ।

**१९.(२) महासचिवको काम, कर्तव्य र अधिकार :**

क) अध्यक्षको निर्देशन अनुसार कार्य समिति र साधारण सभाको बैठक बोलाउने ।

ख) बैठकक माइन्युट बुक लेखी सुरक्षित साथ राख्ने ।

ग) साधारण सभामा संघको वार्षिक प्रतिवेदन पेश गर्ने ।

घ) अध्यक्षको सल्लाह तथा निर्देशनमा दैनिक प्रशासन चलाउने ।

ङ) संघको प्रशासकिय प्रमुखको हैसियतले विधानको दफा १८.१० र कर्मचारी नियमावली बमोजिम कर्मचारीको नियुक्ति, बर्खास्ती र दैनिक प्रशासन कार्य समिति मार्फत चलाउने ।

**१९.(३) सचिवको काम, कर्तव्य र अधिकार :**

क) महासचिवलाई सघाउने ।

ख) महासचिवको अनुपस्थितिमा महासचिवले गर्नुपर्ने सम्पुर्ण कार्य गर्ने ।

**१९.(४) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

क) संघको हिसाब किताब दुरुस्त राख्ने र त्यसको प्रतिवेदन प्रत्येक महिना कार्य समितिमा पेश गर्ने ।

ख) संघको वार्षिक साधारण सभामा प्रतिवेदन पेश गर्ने ।

ग) संघको उठाउनु पर्ने कुनै पनि रकम उठाउने ।

घ) संघको खाता संचालन गर्ने ।

ङ) बार्षिक बजेट तयार गर्ने ।

**१९.(५) सदस्यको काम, कर्तव्य र अधिकार :**

क) कार्य समितिलाई सहयोग गर्ने ।

ख) बैदेशिक रोजगार व्यवसायीहरुको हकहितको लागि अन्य कार्य गर्ने ।

**१९.(६) कार्य समितिको पदावधि** :

क) कार्य समितिको पदावधि २ वर्षको हुनेछ ।

**१९.(७) कार्य समितिको बैठक** :

१) कार्य समितिको बैठक नियमित रुपमा महिनाको एक पटक बस्नेछ ।

२) बैठकमा सल्लाहकार र आवश्यकता अनुसार अन्य सदस्यलाई आमन्त्रण गरी सहभागी गराउन सकिनेछ ।

३) कार्य समितिको २५ प्रतिशत सदस्यले लिखित माग गरेमा अध्यक्षले जुनसुकै समयमा पनि बैठक बोलाउनु पर्नेछ ।

४) कार्य समितिको बैठकको गणपुरक संख्या ५१ प्रतिशत सदस्यलाई मानिनेछ ।

५) कुनै कारणवश कार्यसमितिको पदाधिकारी बैठकमा उपस्थित हुन असमर्थ भए वा काम विशेषले केही समयको लागि बाहिर जानु परेमा अध्यक्षले उपाध्यक्षलाई र अरु पदाधिकारीले अध्यक्ष समक्ष अनिवार्य रुपमा लिखित सुचना दिनुपर्नेछ ।

६) सल्लाहकारको अनुरोधमा कार्य समिति र सल्लाहकारको संयुक्त बैठक बस्नेछ ।

## परिच्छेद -५

**२०. आर्थिक स्रोत :**

संघ संचालनको लागि देहाय बमोजिमको आर्थिक श्रोतहरु हुनेछन् ।

१) सदस्यता शुल्कबाट उठेको रकम ।

२) नेपाल सरकार लगायत अन्य निकायबाट प्राप्त हुने ऋण तथा अनुदान ।

३) कुनै पनि संघ संस्थाले नेपाल सरकारको पुर्व स्वीकृति बेगर कुनै विदेशी सरकार, संस्था वा व्यक्तिबाट आर्थिक सहयोग लिन नपाउने ।

क) भलाई कोषबाट प्राप्त रकम ।

ख) पोर्टल सदस्यता शुल्कबाट प्राप्त रकम ।

ग) बैक, बित्तिय संस्था, स्वास्थ्य संस्था, अभिमुखिकरण तालिम संस्था, बिमा कम्पनी स्थापना वा साझेदारीबाट प्रापत रकम ।

**२१. संघको चल अचल सम्पति :**

संघको अचल सम्पति र चल सम्पति सम्बन्धी विवरण संघको आय व्यय प्रतिवेदनमा देखाईनेछ ।

**२२. कोष :**

क) संघको आफ्नो छुट्टै एउटा कोष हुनेछ । कोषमा दफा २० को खण्ड १ र २ बमोजिमका आर्थिक श्रोतहरुबाट आएका सबै रकमहरु जम्मा हुनेछन ।

ख) उक्त रकम बैंकमा संघको नाममा खाता खोली जम्मा गरिने छ ।

ग) कोषको संचालनमा अध्यक्ष, महासचिव र कोषाध्यक्षको दस्तखस्त रहनेछ । जसमा कोषाध्यक्षको अनिवार्य र बाँकी २ मध्ये कुनै एकको संयुक्त दस्तखस्तबाट खाता संचालन हुनेछ ।

घ) संघको आर्थिक वर्ष प्रत्येक श्रावण १ गतेदेखी आषाढ मसान्तसम्म मानिने छ ।

**२३. लेखापरिक्षण सम्बन्धी व्यवस्था :**

क) संघको हिसाब किताबको लेखा परिक्षण नेपाल सरकारबाट स्वीकृत प्राप्त लेखापरिक्षणबाट गराईने छ ।

ख) संघको हिसाब विवरण लेखा परिक्षण प्रतिवेदन प्रत्येक बर्ष स्थानीय अधिकारी र समाज कल्याण परिषद् समक्ष पेश गर्नेछ ।

# परिच्छेद -६

**२४. निर्वाचन सम्बन्धी व्यवस्था :**

वार्षिक साधारण सभामा भाग लिने दफा ८.२ बमोजिम मासिक शुल्क चुक्ता भई दफा ११.१ बमोजिम संघका सदस्यले निर्वाचनमा उम्मेदवार हुन तथा मतदानमा भाग लिन पाउने छन ।

१) निर्वाचन गोप्य मतदानद्धारा एक व्यक्ति एक भोटको आधारमा हुनेछ । मतदान हुने दिन भन्दा ७ ( सात) दिन अघि सम्म सदस्यता प्राप्त गरेको सदस्यहरुले मात्र मतदानमा भाग लिन पाउने छ ।

२) निर्वाचन प्रयोजनको लागि कार्य समितिले एक महिना अगावै प्रमुख निर्वाचन अधिकृत सहित ३ सदस्यीय निर्वाचन समिति गठन गर्नेछ। उक्त समितिमा संघको कानुनी सल्लाहकार सदस्य सचिव रहनेछ ।

३) निर्वाचनमा मत दिने, उम्मेदवारी दिने अधिकार कम्पनीको शेयर होल्डर, संचालक वा प्रोपाईटरलाई मात्र हुनेछ र आवश्यक परेमा प्रमाणित गरेको आधिकारीक प्रमाण पेश गर्नुपर्नेछ ।

४) कार्य समितिमा पदाधिकारीको लागि खडा हुने उम्मेदवारले निर्वाचन समितिले तोके बमोजिम मनोनयन पत्रमा हस्ताक्षर गरी निवेदन दिनुपर्नेछ र संघको साधारण सदस्यहरु मध्ये एक जना प्रस्तावक र एकजना समर्थक हुन अनिवार्य हुनेछ ।

५) साधारण सभाको दिन निर्वाचन गर्न निर्वाचन समितिलाई समय अभाव भएमा निर्वाचन समितिले सोको भोलीपल्ट निर्वाचन सम्पन्न गराउनेछ ।

६) निर्वाचन सम्बन्धी अन्य कार्यविधिहरु यस विधान अर्न्तगत रही निर्वाचन समितिले निर्धारण गर्नेछ ।

७) बहुमत प्राप्त उम्मेदवारहरुलाई निर्वाचन समितिले विजयी घोषणा गर्नेछ ।

८) मत गणना गरी कुनै दुई वा दुई भन्दा बढी उम्मेदवारहरुको मत बराबर हुन आएमा निर्वाचन अधिकृतले गोला हालि निर्णय गर्नेछ ।

९) निर्वाचन अधिकृतले मत गणना गर्दा उम्मेदवार वा निजहरुको प्रतिनिधिको रोहवरमा गर्नेछन् तर कुनै प्रतिनिधि वा उम्मेदवार उपस्थित नभएको कारणले मात्र मत गणना रोकिने छैन ।

१०) कार्यसमितिको कुनैपनि पद रिक्त हुन आएमा निर्वाचन प्रक्रियाबाट पदपुर्ति गरिनेछ ।

११) कार्यसमितिले निर्वाचन समितिलाई साधारण सभा हुनु भन्दा ७ दिन अगावै संघमा मासिक शुल्क चुक्ता भएका सदस्यहरुको नामावली निर्वाचन प्रयोजनको लागी दिनु पर्नेछ ।

## २५. उम्मेदवारको अयोग्यता :

देहायका व्यक्तिहरु कार्य समितिको निर्वाचनमा उम्मेदवार हुन पाउने छैनन् ।

१. आफ्नो संस्थाको तर्फबाट संघलाई तिर्ने, बुझाउनु पर्ने रकम नबुझाएमा ।

क) कार्यसमितिको कुनै पनि पदको उम्मेदवार हुनको लागि निर्वाचन हुने मिति भन्दा १ बर्ष अगाडी संघको सदस्यता प्राप्त गरी नसकेको भएमा । अध्यक्ष पदको हकमा एक कार्यकाल कार्य समितिको पदाधिकारी नभएको र २ पटक अध्यक्ष भैसकेको व्यक्तिको मनोनयन भएमा ।

ख) संघ संस्थाको रकम हिनामिना गरेको विषयमा अड्डा अदालत संघ संस्थामा उजुर परी सो को अन्तिम निर्णय नभईसकेको भएमा ।

ग) आफ्नो संस्थाको कानुन बमोजिम शेयर प्राप्त गरेको व्यक्ति भएको प्रमाण पेश नगरेमा ।

घ) दफा २५.१(क) मा जुन सुकै कुरा उल्लेख भएको भएता पनि समान उद्देश्य लिई स्थापना भएका संस्था यस संघमा एकीकरण भई गाभिन आएमा त्यस्का सदस्य तथा पदाधिकारीहरु यसै बिधान अन्तरगतका सदस्य तथा पदाधिकारी सरह मानिने छ ।

२. उम्मेदवारले प्रतिनिधित्व गरेको कम्पनी वा फर्मको दर्ता कायम नरहेमा ।

३. नैतिक पतन हुने फौजदारी अभियोगमा सजाय पाएको अदालतबाट प्रमाणित भएमा ।

४. मगज बिग्रिएको ।

५. निर्वाचन समितिमा छानिएको व्यक्ति ।

**२५.क. उम्मेदवारी धरौटी :**

क) अध्यक्ष पदको उम्मेदवारी दर्ता गर्दा रु. २५०००/-, प्रथम उपाध्यक्षको रु. २२०००/-, द्बितिय उपाध्यक्षको रु. २००००/-, तृतिय उपाध्यक्षको रु. १८०००/-, महासचिवको रु. १६०००/-, सचिवको रु. १२०००/-, कोषाध्यक्ष पदको रु. १४०००/- र सदस्य पदको उम्मेदवारी दर्ता गर्दा रु. १००००/- निर्वाचन समितिमा जम्मा गर्नुपर्नेछ ।

ख) उपदफा (क) बमोजिम धरौटी जम्मा गरी उम्मेदवार हुनेले उम्मेदवारी दर्ता गरे पछि कुनै पनि अवस्थामा उम्मेदवारको धरौटी फिर्ता हुने छैन । उक्त रकम संघको कोषमा जम्मा हुनेछ ।

**२६. अविश्वासको प्रस्ताव** :

कार्यसमितिको कुनै पदाधिकारीले विधान विपरित कुनै कार्य गरेको छ भन्ने लागेमा सो उपर अविश्वासको प्रस्ताव पेश गर्न सकिने छ ।

क) कार्य समितिको कुनै पनि पदाधिकारीहरुको विरुद्ध अविश्वासको प्रस्ताव ल्याउनको निम्ति कुल सदस्य संख्याहरु मध्ये ३३ प्रतिशत सदस्यहरुले सही गरी स्पष्ट कारण सहितको निवेदन संघको कार्यालयमा दर्ता गर्न सक्नेछन् ।

ख) यसरी निवेदन दर्ता भएको ७ दिनभित्र अध्यक्षले कार्य समितिको बैठक बोलाउन वा महासचिवद्बारा बोलाउन लगाउनु पर्नेछ ।

ग) कार्य समितिको बैठकको २१ दिनभित्र विशेष साधारण सभा बोलाई सो सभाको अविश्वासको प्रस्ताव माथी छलफल गर्नेछ ।

घ) त्यसरी छलफल पश्चात कुल सदस्य संख्याको २/३ बहुमतबाट सो प्रस्तावलाई पारित गरेमा अविश्वासको प्रस्ताव पारित भएको मानिनेछ ।

ङ) जसको विरुद्ध अविश्वासको प्रस्ताव ल्याएको हो निजलाई सफाईको मौकाबाट बञ्चित गरिने छैन ।

च) कार्य समिति माथी नै अविश्वासको प्रस्ताव ल्याउनु परेमा कुल सदस्य संख्याको ७५ प्रतिशत सदस्यले हस्ताक्षर गरेको प्रस्ताव दर्ता भएमा त्यस्तो अविश्वासको प्रस्तावमा भएको दस्तखस्त सनाखत गर्ने एक छानविन समिति गठन हुनेछ । उक्त छानविन समितिमा कार्यसमितिबाट २ जना, संघको कानुनी सल्लाहकार १ जना, संघको सल्लाहकारहरु मध्येबाट १ जना र साधारण सदस्य मध्येबाट १ जना गरी जम्मा ५ जनाको छानविन समिति रहने छ र उक्त समितिले ७ दिनभित्र प्रस्तावित अविश्वासको प्रस्ताव उपर रहेको हस्ताक्षरलाई सनाखत गर्दा ७५ प्रतिशत पुगेको प्रमाणित भएमा छानविन समितिले कार्यसमिति बिघटन भएको घोषणा गर्ने छ । कार्यसमिति बिघटन भएको घोषणा हुनासाथ उपस्थित रहेको भेलाबाट ३ सदस्यीय निर्वाचन समिति घोषणा गरी घोषित निर्वाचन समितिले १५ दिनभित्र निर्वाचन सम्पन्न गर्नुपर्ने छ । दस्तखस्त छानविन गर्न छानविन समितिका सल्लाहकारबाट आएको व्यक्ति छानविन समितिको संयोजक रहने छ ।

**२६.(१)** कार्य समितिको कुनै पदाधिकारी वा सदस्यले विधान विपरित देहायको कुनै कार्य गरेको छ भन्ने लागेमा सो उपर अविश्वासको प्रस्ताव पेश गर्न सकिने छ ।

१) संघको विधान, नियम र व्यवसायीको हकहित विपरित कार्य गरेमा ।

२) पदिय दायित्व बहन गर्न नसक्ने ठहर भएमा ।

३) संघको हर हिसाब हिनामिना गरेमा ।

४) संघको गोपनियता भंग गरेमा वा आचार संहिता भंग गरेमा ।

**२६.(२) पदाधिकारी पदबाट मुक्त हुने अवश्था :**

देहायका अवस्थामा कुनै पनि पदाधिकारी तथा सदस्यहरु प्दमुक्त भएको मानिने छ ।

क) कार्य समितिमा दिएको राजिनामा स्वीकृत भएमा ।

ख) अविश्वासको प्रस्ताव पारित भएमा ।

ग) कम्पनी वा फर्म आरेज भएमा ।

घ) मृत्यु भएमा ।

ङ) मगज बिग्रेमा ।

च) पदावधि समाप्त भएमा ।

छ) आवद्ध संस्थाको प्रोप्राईटर, वा शेयरहोल्डरबाट हटेमा ।

ज) अध्यक्षबाट मनोनित कार्य समितिका सदस्यलाई अध्यक्षले कार्य समिति सदस्यबाट हटाएमा ।

**२६.(३) पदस्थापना सम्बन्धी व्यवस्था :**

अध्यक्ष बाहेक दफा २६ को उपदफा १ र २ को खण्डमा देखिएको अवस्था परी कुनै पदाधिकारीको स्थान रिक्त हुन आएमा वहाल रहेको कार्य समितिको समयावधि ६ महिना भन्दा अधिक रहे निर्वाचन प्रक्रियाबाट र ६ महिना वा सो भन्दा कम रहेमा कार्य समितिले १ महिना भित्र मनोनित गरी पदपुर्ति गर्न सक्नेछ यसरी यो दफा बमोजिम निर्वाचित वा मनोनित व्यक्तिको पदावधि निर्वाचन हुने बाँकी अवधिको लागि मात्र हुने छ। अध्यक्षबाट मनोनित पद रिक्त हुन आएमा पुनः अध्यक्षले नै सो रिक्त पदमा मनोनित गर्नेछ ।

**२६(४) राजिनामा सम्बन्धी व्यवस्था** :

क) कार्य समितिका अध्यक्ष बाहेक अरु पदाधिकारीहरुको राजिनामा अध्यक्षले स्वीकृत गर्नेछ। तर अध्यक्षको राजिनामा आएमा कार्य समितिको बहुमतले स्वीकृत गर्नेछ ।

ख) कार्य समितिका दुई तिहाई पदाधिकारीहरुले सामुहिक राजिनामा दिएमा कार्य समिति स्वतः विघटन हुनेछ र सोही दिन सल्लाहकारहरुको रोहवरमा एक सात सदस्य प्रबन्ध समिति खडा गरी प्रबन्ध समितिले २१ दिन भित्र विशेष साधारण सभा बोलाई सोही दिन निर्वाचन सम्पन्न गराउने छ ।

ग) अध्यक्षको पद रिक्त भएमा प्रथम उपाध्यक्षले कार्य वाहक अध्यक्ष भई २१ दिन भित्रमा विशेष साधारण सभा बोलाउने र विशेष साधारण सभाबाट अध्यक्षको सर्वसम्मतीबाट मनोनयन हुन नसकेमा सोही दिन अध्यक्षको निर्वाचन गराउने ।

# परिच्छेद -७

**२७. विधान संशोधन :**

१) विधान संशोधन गर्नुपर्ने भएमा कुल सदस्य संख्याको २५ प्रतिशत सदस्यहरुले संशोधन गर्नुपर्ने दफाहरु उल्लेख गरी कार्य समिति समक्ष पेश गर्नु पर्ने छ ।

२) यसरी पेश भएका संशोधित दफा सहित कार्य समितिले नियमित हुने साधारण सभामा पेश गर्नुपर्नेछ ।

३) साधारण सभामा पेश भएको संशोधित दफा माथि छलफल भई कुल सदस्य संख्याको दुई तिहाई मत संशोधनको पक्षमा मतदान भएमा तोकिएको दफाको लागि स्थानीय अधिकारीहरुबाट स्वीकृती लिई संशोधित विधान लागु गरिने छ ।

**२८. नियम बनाउने अधिकार** :

संघको कार्य संचालनको निमित्त कार्य समितिले नियम बनाउन सक्नेछ ।

**२९. बिघटन :**

संघको विधान बमोजिम कार्य संचालन गर्न नसकिने वा अन्य कुनै कारणबश विघटन भएमा संघको सम्पुर्ण जायजेथा नेपाल सरकारमा सर्नेछ ।

**३०. निस्कृयता :**

यस विधानमा लेखिएका कुरा प्रचलित कानुन सँग बाझिएको हदसम्म स्वतः निस्कृय हुनेछ ।

**३१. उत्तरदायित्व** :

कार्यसमितिका पदाधिकारीहरु र कर्मचारीले संघको काम काज गर्दा असल नियतले गरेको काम कारवाहीमा कुनै हानी नोक्सानी भएमा व्यक्तिगत रुपले जवाफदेही हुनुपर्ने छैन ।

**३२. बचाउ** :

१) यो संशोधित विधान साधारण सभाबाट पारित भई स्थानीय अधिकारीबाट स्वीकृत प्राप्त गरी लागु भएपछि संशोधित पुर्वको विधानद्धारा भएका काम कारवाहीहरु यसै विधान अन्तरगत भएको मानिनेछ ।

२) संशोधित विधान पुर्वको विधान अनुसार भएका संघका सदस्य पदाधिकारी तथा कर्मचारीहरु यसै विधान अन्तरगत रहे भएको मानिनेछ ।

**३३)** आफ्नो अधिकार प्रयोग गर्दा अन्यको हकमा असर पारिने छैन र प्रचलित कानुन विपरित कुनै कार्य गर्ने छैन ।

**३४**. यो संघ नाफा कमाउने सेवामुलक राजनिति क्रियाकलापबाट टाढा रहने छ ।